# वैतडी जिल्लाको कोटिला -१ भवानेमा
# सार्वजनिक धाराको पानी प्रयोग गरेको आरोपमा जातिय विभेद
# एवं कुटपिटको
# स्थलगत अध्ययन प्रतिवेदन  प्रतिवेदन २०६४

प्रतिवेदन सार्वजनिक ......................

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति **(HRTMCC)**
**CERD** उपसमिति
दलित गैर सरकारी संस्था महासंघ ,कमलपोखरी **(DNF)**

## सारांश

घटनाको स्थलगत अध्ययन अनुसार वैतडी जिल्ला कोटिला गा.वि.स वडा नँ. १ भवाने निवासी मनिषा नेपाली   मिति २०६३४ भदौ २६ गते वेलुका ४ । ५ वजेतिर सार्वजनिक धारामा पानी थाप्न लाग्दा स्थानिय वासिन्दा पशुपतीदेवी जोशी र भिमदत्त जोशीले जातिय अपमान गर्दै विभिन्न किसिमका गाली गलौज गर्दे जातिय विभेद गरि कुटपिट समेत गरेको प्रत्यक्षदर्शी र पीडितहरूले बताए ।

खाने पानीको धारा समेत गा.वि.स. ले दलित र गैर ददितको लागी छुटा छुटै वनाईएको रहेछ र दलित वस्तिले प्रयोग गर्ने धाराको पाईप काटिएकोले मनिषा नेपाली र उनको भाउजु धारामा पानी थाप्न जादा धारा देखी माथिलतिर पशुपती देवी जोशी को घर रहेछ र घर वाट पशुपतीदेवी ले देखे पछि विभिन्न किसिमका अपमानित शव्द प्रयोग गर्दै ढुङ्गाले हिर्काएको र पछि उनको छोरा भिम जोशी समेत आई कुटपिट गरेको र उक्त घटनाको वारेमा भाद्र ३० गते पुरघाट प्रहरी कार्यलयमा जानकारी गराएको र निवेदनवालाको आग्रहमा उक्त निवेदनको जाहेरी जिल्ला प्रहरीकार्यलयमा जानकारी गराएपनी स्थानिय प्रशासन वाट कुनै किसिमको पहल नगरेको पिडित पक्षको भनाई ।

उक्त विषयमा दोषी लाई कारवाही गर्न भनी स्थानिय प्रतिनिधिको रोहवरमा छानविन समिति गठन समेत भएको र उक्त समितिले समेत हालसम्म कुनै निश्कर्ष निकालेको देखिदैन ।

यस घटनाले मानवीय सम्मानको ठाडो उल्लंघन भएकोछ । उक्त घटनाले मानवअधिकार तथा राष्ट्रिय कानूनको पूर्णरूपमा उल्लँघन गरेकोछ । घटनामा अन्तरि  संविधान २०६३ को भावना मर्म र मौलीक अधिकार, सबै प्रकारका जातीय विभेद उन्मुलन गर्ने सम्बन्धी अर्न्तराष्ट्रिय महासन्धि १९६५, २०६३ जेठ २१ गतेको प्रतिनिधिसभाको घोषणा र मुलुकी ऐन अदलको महलको समेत उल्लंघन गरेकोछ । घटनाका दोषीहरूलाई पक्राउ गरी कारबाही गर्नुको साटो राज्य मौन भएर बसेको पाइएकोले राज्य आफै मानवअधिकार उल्लंघनमा सामेल भएकोछ ।

पिडित पक्ष लाई उचित न्याय प्रदान गर्नुपर्ने र जातीय विभेदमा संलग्न व्यक्तिहरुको पहिचानगरि दोषीहरुमाथी कानुन वमोजिम यथाशिघ्र कारबाही गरिनु पर्दछ ।

## पृष्ठभूमी

वैतडी जिल्लाको कोटिला गा.वि.स.१ भवाने निवासी मनिषा नेपाली लाई सार्वजनिक धाराको पानी प्रयोग गर्नखोजेको आरोपमा स्थानिय वासिन्दा ले जातिय विभेद गरी कुटपिट गरेको भन्ने सूचनाको आधारमा सो सम्बन्धमा स्थलगत अध्ययनका निम्ति मानवअधिकार सन्धिअनुगमन समन्वय समितिको तर्फबाट, डी.एन.एफ, इन्सेक , दलित सेवा संघ र दलित महिला सघका प्रतिनिधिहरू ०६४असोज ७ गते दिउसो वैतडी जिल्ला प्रस्थान गरेको थियो । टोलीद्धारा असोज ९,१०,११र १२ गते जिल्ला पुगी, घटनास्थलको अवलोकन गर्नुकासाथै विभिन्न सरोकारवालाहरूसाग भेटगरी सत्यतथ्य सूचना तथा आवश्यक कागजात संकलन गरी यो प्रतिवेदन तयार गरिएको हो ।

स्थलगत अनुगमन टोलीका सदस्यहरुः
१) विर्षलाल विश्वकर्मा , दलित गैर सरकारी संस्था महासंघ
२) जगत वि.क. , दलित सेवा संघ
३) राजेन्द्र विश्वकर्मा , दलित गैर सरकारी संस्था महासंघ
४) शेरबहादुर चन्द इन्सेक
५) नितु सोव , दलित महिला संघ

तथ्य संकलनको उद्देश्य

- घटनाका सम्बन्धमा सत्यतथ्य पत्ता लगाउने
- घटनाको सत्यतथ्यसहितको प्रतिवेदन तयार गरि सार्वजनिक गर्ने ।

तथ्य संकलनको पद्धति

- घटनास्थलको अवलोकन
- घटनाबाट प्रत्यक्ष रूपमा पीडित व्यक्तिहरूसाग भेटघाट र कुराकानी
- घटनास्थल वरपरका व्यक्ति तथा प्रत्यक्षदर्शीसाग भेटघाट गरी घटनाको विवरण संकलन ।
- स्थानीय नागरिक समाज, स्थानीय प्रहरी प्रशासन, मानवअधिकारकर्मी, राजनीतिक दल तथा सम्बन्धित निकाय एवं व्यक्तिसाग घटनाका सम्बन्धमा जानकारी संकलन
- घटना सम्बन्धमा पूर्व प्रकाशित सामग्रीहरूको अध्ययन

घटनाको प्रकृति : जातिय विभेद एवं कुटपिट
घटना स्थल : बैतडी, कोटिला गा.वि.स. वाड नं. १, भवाने
घटना मिति : २०६४ भाद्र २६
पिडितको नाम : (मनिषा नेपाली (महेश्वरी नागरी उमेर १८)
पिडकको नाम : पशुपतिदेवि जोशी र भिमदत्त जोशी
अध्ययन अवधि : २०६४ असोज ०७ देखि १५

## घटनास्थलको विवरण

(घटनास्थलका प्रत्यक्षदर्शीको भनाई तथा अनुगमनका क्रममा पाइएका तथ्यका आधारमा)

घटना वैतडी जिल्ला कोटिला गा.वि.स.१ भवाने मा भाद्र २६ गते वेलुका करिव ४,५ वजे तिर भएको हो । उक्त वडामा दलित समुदायका २० वीस घर जती र वाकीमा गैर दलित व्राहमण समुदायको वाहुल्यता रहेको छ । उक्त स्थानमा प्राकृतिक स्रोतवाट आएको मुहानवाट पाईप जडानगरि दलित वस्तिमा पानी पुरुयाएको रहेछ र गैर दलित सुमदायले त्यही मुहान वाटनै पानी पिउने गरेको रहेछ । दुई दिनदेखी दलित समुदायले

प्रयोग गर्ने गरेको धाराको पाईप काटिएको कारण मनिषा नेपाली र उनको भाउजु करिव ४,५ वजेतिर उक्त मुहानमा गई  पानी थाप्न खोज्दा सोहि मुहान माथिलतिर घर भएकी पशुपतीदेवी जोशी र भिम जोशी ले हामीले प्रयोग गर्ने धारामा किन पानी थाप्न आएको तिमि दलितहरुले हामिले प्रयोग गर्ने धारा छुएमा अपवित्र हुन्छ भन्दै विभिन्न किसिमका अपशव्द प्रयोग गर्दै गाली गलौज गर्दै जातिय अपमान गर्दा किन हामीलाई खाने पानी वाट वञ्चीत गराउनुहुन्छ , अहिले पनी जात भातको कुरा गर्ने र  यो सार्वजनिक धारामा  कसैको वावुको होईन भनी भन्दा त डुमीनी खुव जान्ने भएकी भन्दै दुवै जनाले मनिषा नेपालीलाई कुटपिट गर्न लाग्दा अन्य गैर दलित समेत आई मनिषा र महेश लुहार लाई कुटपिट गरेको ।
उक्त घटनाको जानकारी पाई २७ गते विवाद मिलाउने उदेश्यले सोहि ठाउ वस्ने अम्मर पार्की आई पिडकहरु , गाउलेहरु सग घटनाका वारेमा छलफल गर्न खोज्दा उल्टै त जान्ने भएको वढता भएको भनी विविभन्न गाली गलौज अपमान गर्दै लछार पछार गर्दै कुटपिट गर्न खोज्दा आफु सग रहेको सामान समेत छोडी आफनो ज्यान वचाएर अम्मर पार्की भागेको र अम्मर पार्कीले भाद्र ३० गते नजिकै पुरघाट प्रहरीकार्यलयमा मनिषा र आफुलाई जातिय विभेद ,  कुटपिट र लुटपाट गरेको भनी उजुरी दिएको भएपनी सम्वन्धीत निकायवाट कुनै पनी किसिमको पहलकदमी नभएको र उक्त निवेदनको जाहेरी जिल्ला प्रहरी कार्यलयमा जाहेर गरेको  भन्ने तर जिल्ला प्रहरी कार्यलयमा त्यसतो घटनाको कुनै जानकारी न आएको भनाई ।
उक्त अमानविय व्यवहारको निन्दा गर्दै पिडितलाई न्याय दिलाउनका निम्ति स्थानिय स्तरमा छानविन समितिका गठनभएको छ र उक्त छानविन समितिको संयोजकत्वमा  दमन वहादुर कुवर रहनुभएको छ र उक्त समितिमा घटनाका दोषी भिम दत्त जोशील आफ्नो आमाको भड्काउमा परी गल्ती गरेको भनी समिति समक्ष स्विकारेका  पाईएको छ  ।

## निष्कर्ष तथा सुझाव

### निष्कर्ष

(घटना अनुगमनका क्रममा तथ्यहरुलाई विश्लेषणका आधारमा)

- मनिषा नेपाली , अम्मर पार्की लगायत जातिय विभेदको सिकार भएको पाईयो ।
- प्रहरी प्रशासनले सुचना पाउदा समेत मौन वस्नु ।
- पिडितलाई न्याय दिलाउनका निम्ति स्थानिय स्तरमा छानविन समिति गठन हुनु ।
- पिडक पक्षले मानव अधिकारको उल्ड.घन गर्नु ।
- जातिय विभेद मुद्धा सरकारवादी भईसकेको हुनाले प्रहरी प्रशासनले जानकारी पाउनसाथ उक्त घटनाको छानविन गर्नु पर्नेमा छानविन नै नगरेको

### सुझाव

*मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको स्थलगत अनुगमन टोली सो घटनाको सन्दर्भमा नेपाल सरकारसमक्ष निम्न सुझावहरू प्रस्तुत गर्दछ ।*

- नेपाल सरकारले  घटनाका दोषी पत्ता लगाई यथासिघ्र कानुन वमोजिम कार्वाही गरि पिडितलाई उचित न्याय प्रदान गर्नु पर्ने ।
- प्रतिनिधि सभाले २०६३ जेठ २१ मा गरेको छुवाछूत मुक्त राष्ट्रको घोषणालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न विभिन्न राष्टिय अर्न्तराष्टिय कानुनको अक्षरस: पालना गर्नु पर्ने ।
- जातिय विभेद एवं  मानव अधिकार उल्ड.घनका घटना प्रति राज्य संवेदनशिल हुनुपर्ने ।
- विभेद रहित समाजको निर्माणको लागी राज्यस्तरवाटै  विभिन्न किसिमको चेतनामुलक कार्यक्रम समेत संचालन गरिनुपर्ने ।
- मर्यादित र सम्मान पुर्वक वाच्न पाउने अधिकारको सुनिश्चितता गर्नुपर्ने ।

अनुसुचि १

पिडित पक्ष र स्थानिय वासिन्दाको भनाई

**मनिषा नेपाली(महेश्वरी नागरी) (पिडित) :**

घटना भाद्र २६ गते साझ ४, ५ बजे तिर भएको हो । हामीले प्रयोग गर्ने धाराको पाईप काटिएको दुई दिन भएको थियो । त्यसकारण खाने पानीको लागी म र भाउजु पानी भर्न गयौ । धारामा हामी जादा कोही पनि थिएन । धारा माथि पशुपतिदेवी जोशीको घर छ । पानी भर्न आएको देखेपछि माथि घरबाट पशुपतिदेविले विभिन्न अपमानीत शव्द प्रयोग गर्दै ढुङ्गा हान्दै पानी किन भरिस भन्दै गाली गर्न थालीन त्यसै बेला पशुपतिदेविको छोरा भिम जोशी आई डुमेनीले हामीले भर्ने धारा वाट पानी भर्ने भनी नजिक आई मेरो गालोमा हिर्कायो किन मलाई हानेको र गाली वेईज्जत गरेको भन्दा त डुमीनीले हाम्रो धारा अपवित्र गराउने भन्दै गाली समेत गरेको र त्यसै बेला महेश विक त्यहा पुगे र किन गाली वेईज्जत ढुङ्गा हानेको भन्दा उनीलाई पनि आक्रमण कुटपिट गरे मलाई धैरै चोट लागेको कारण मलाई दाई भाउजुले घर लानु भयो । एक घण्टासम्म मलाई केहि होसनै आएन ।

यस भन्दा अगाडि दलितहरुलाई छुवाछूतको कारणले कुटपिट गाली गलौज समेत गर्ने गरेका थिए । यही शिलशिलामा मसंग भएको घटना पनि जातकै कारणले भएको थियो । अहिलेको छुवाछूतको घटनालाई दोषी लाई कारवाही गर्न र मलाई न्याय दिलाउनका लागी गाउका सबै राजनैतिक पार्टी, बुद्धिजिवी, नागरिक समाजको संलग्नमा एक छानविन आयोग गठन भएको छ । यो आयोग दमन कुवरको संयोजकमा भएको छ छुवाछुतको घटनामा प्रहरी प्रशासनले वेवास्ता गर्ने गरेकोल मैले प्रहरी कार्यलयमा गई उजुरी दिएको छैन तर अर्का पिडित अम्मर पार्कीले भने प्रंहरी प्रशासनलाई जानकारी दिएकाछन । माओवादी जनयुद्धको क्रममा दलितहरुलाई सार्वजनिक उपभोगका वस्तुहरु प्रयोग गर्न पहल भईरहदा चित्त नवुझेकाहरु अहिले दलितलाई उत्पीडन गरिरहेका छन्जस्तो मलाई लाग्छ । जातिय विभेद गर्नमा नेपाली कांग्रेसको हात छ । किनकी यस घटनाका पिडकहरु हामी तरुण दलका मान्छे हौ । अब हामी डराउदैनौ भनेर आक्रमण गरे र उनीहरु नरेन्द्र बमसग सम्बन्धित छन् । अहिले पनी जातिय विभेदगर्नेलाई सरकारले केही कारवाही गरेको छैन त्यसकारण कसरी हुन्छ दोषीलाई कानुन वमोजिम सजाय गरिनुपरयो भन्ने कुरा वताउनु भयो ।

**महेश लुहार (कोटिला-९, बडागााउ, बैतडी):**

बसन्तपुर बजारबाट औषधी किनेर घर तिर फर्कदै थिए । त्यत्तीवेला धारामा आउदा पशुपतीदेवी जोशी । भिम जोशीले मनिषालाई गाली गलौज र ढुगां वाट कुटपिट गरिरहेको थियो । मैले भने किन कुटपिट गाली गलौज गरेको भन्दा र , आज हाम्रो धाराको पाईप काटिएको छ भने र त्यस पछि भिम छाती खोलेर म हु पाईप काट्ने डुम भन्दै मतिर आउनु भयो । र मलाई घाटी समातेर कुट्न थाल्यो साथै त्यही बेला मनिषाको कुर्ता च्यातिदियो । त्यही बेला रामदत्तको श्रीमती समेत आई यिनिहरुलाई अव कुट्नु पर्‍यो भनेर सबैलाई बोलाउनु भयो र यस डुमलाई कुट्नु पर्छ भन्दै सबै आए र कुटे त्यसमा भूतपूर्व शिक्षक अर्थात भिमको जेठो बुबा पनि आउनु भएको थियो र उहाले भन्नु भयो : तिमीहरुको के माग छ भन्नु भयो र मैले भने हामी पानी लिन आएका छौ भने अनि शिक्षकले त्यसो भए यो धारो हाम्रो नाममा गर्दै भन्न खोजेको भनेर भन्नु भयो र कुटपिट समेत गर्नु भयो म अर्धबेहोस भए र बेहोस मै भागे । अझै पनि म मान्छलाई देखे भने डराउछु र रातीमा उठेने, झस्कने, दगुर्ने गर्छु । त्यसकारण म मानसिक रुपमा अझै स्वस्थ भएको छैन । हामी यो घटनालाई लिएर प्रशासनमा गएनौ किनकि यस भन्दा पहिले हामीहरु प्रशासनमा छुवाछूतको घटना लिएर गएका थियो त्यसबेला हामीलाई प्रशासनले केहि पनि वस्ता गरेन ।

**मदन नागरी, पिडितका दाई**

हामीले खाने पानीको पाइप जोशीहरुको खेत हुदै आएको छ । उनीहरुले खेत खनजोत गर्दा र त्यहा गाईगोरु हिडाउदा पाइप काटिने गर्दछ । यही शिलशिलामा हाम्रो पाइप काटिएकोले दुई दिन देखि पानी आएको थिएन । त्यसैले मेरी बहिनी महेश्वरी नागरि (मनिषा नेपाली ) पानी लिन जोशीहरुले प्रयोग गर्ने गरेको सार्वजकि धारामा गएकी थिई । त्यस पछि आफुले प्रयोग गर्ने धारोमा दलितले पानी भरि भनि पशुपतिदेवि जोशी र उनका छोरा भिमदत्त जोशीले गाली बेईज्ती तथा कुटपिट गरे र न्याय प्राप्तीका लागि प्रहरी चौकीमा जादा यि कुराहरु गााउमै मिलाउनु भनि जवाफ आए पछि माओवादीलाई निवेदन दिएको छु । त्यस पछि माओवादी सहित अन्य राजनैतिक दलका प्रतिनिधिहरु र नागरिक समाजका प्रतिनिधि सम्मिलित एउटा छानविन समिति

गठन भएको छ । तर आज घटना घटेको यत्रो दिवितिसक्दापनी केही राहत पाएको छैनौ र दलितको सवाल भएकोले सायद । वेवस्था गरिएको जस्तो लाक्छ ।

**सुरेन्द्र लुहार, स्थानीय दलित युवक**
यहा दलितले आफ्नो धारोमा पानी भऱ्यो भनेर गाली बेईज्ती तथा कुटपिट गरेको साचो हो । यस्ता घटनाहरु निरन्तर घटिरहन्छन् । हामी त खिचलो नगरौ भनेर अन्याय सहि रहन्छौ । हामीलाई गौरा पर्वमा बाजा बजाउन पनि दिदैनन । तर बाजा बनाउने काम चाहि हामी गर्दछौ । केहि वर्ष अगाडि थानेदार समेत भैसकेका अम्बादत्त जोशीले लुगा सिलाउन ढिलो गऱ्यो भनी मेरो मिसिन समेत फुटाई दियो । के गर्ने हजुर कुटाई खाएर र अपमानित भएर यस ठाउमा बस्न मन लाग्दैन तर विवस छु सहनै पऱ्यो ।

**दमनबहादुर कुवर(आदर्श) संयोजक, सर्वदलितय छानविन आयोग**
घटनाको शुरुवात दलित वस्ती नै हो । दलितहरुलाई निरन्तर रुपमा उत्पीडनमा पर्ने प्रवृति छ । अहिले पनि दलितलाई जातिय रुपमा अपमान गर्ने छुवाछूत गर्ने प्रवृति यहाकोलागी  सामान्य नै हो । एउटा सार्वजनिक धारामा पानी भरेको निहुमा अपमानित कुटपिट हुनुपर्ने यहाका ब्राह्मण समुदायमा सबै भन्दा ठूलो अहम्कार छ । दलितलाई छुवाछूत गरिन्छ । दलितहरु छुवाछूतको विरुद्धमा उत्रदा त्यो कुरालाई माओवादीसाग जोड्ने गरिन्छ । यस घटनाका दोषीलाई कारवाही हुनु पर्दछ । अपराधीहरु फरहार छन् । घटनाका बारेमा बुझ्न लाग्दा दलित नेता अम्मर पार्कीलाई समेत कुटपिट र लुटपाट समेत गरिएको छ । प्रहरी प्रशासन घटना प्रति मौन छ । घटनाका दोषी भिमदत्त जोशीले आफ्नो आमाको भड्काउमा परी गल्ती गरेको हाम्रो समिति समक्ष स्विकारेका छन् । अहिले छानविन समिति भित्र रहेका साथीहरुको कार्यव्यस्थताले गर्दा प्रतिवेदन गर्न ढिला भएको छ । प्रतिवेदन सार्वजनिक भैसकेपछि अपराधीहरुलाई कारवाही हुनु पर्छ ।

**पशुपतिदेवी जोशी**
म घरमा विरामी श्रीमानको सगै वसिरहेको थिए । वाहिर मेरा नातीनातीनाहरु रोइरहेका थिए । अनि भित्रवाट वाहिर आउदा महेश्वरी नेपाली धारामा पानी भरि रहेकी रहेछिन । उनले मलाई ढुङ्गा हानेको आरोप लगाईन । तर मैले ढङ्गा हानेको होईन । वरु मेरो ३ वर्षको नातीले एउटा मुडा खेल्दाखेल्दै खसालेको हो । महेश्वरी र मलाई केही समयमा भनाभन भयो । जे भएपनि मैले सानो गल्ती गरे माफ गरिदिनु पऱ्यो ।

**भिमदत्त जोशी**
विरामी वुवालाई भित्रवाट वाहिर ल्याईरहेको थिए । महेशले वोलाएर म गए । उसले मलाई दलित वस्तीको खानेपानीको पाइप किन काटेको भनी भन्यो । यसैमा उ र म विच भनाभन भयो । हातहालाहाल पनि भयो । मैले महेश्वरीलाई कुटेको छैन मैले आफु छुवाछुतको व्यवहार नगर्ने व्यक्ति हु भनी महेश्वरीले भरी राखेको पानीको भाडोवाट पानी समेत खाएको थिए ।

**गणेशदत्त जोशी**
म पसलमा थिए । यतिकैमा मलाई तेरो भाईलाई घरमा लैजा भनी तुल्सी देवी जोशी ले वोलायो । धारामा जादा महेश र मेरो भाई भिमदत्त जोशी विच झगडा भईरहेको थियो । यत्तिकैमा मेरो भाईलाई घरमा लगो । अरु मलाई केही थाहा छैन ।

**तुल्सीदेवी जोशी**
म खेतवाट घासको वारी वोकी घर आईरहेकी थिए । यत्तिकैमा महेश र भिम विच झगडा भईरहेको थियो । उनीहरु आपसमा कराईरहेका थिए । यत्तिकैमा मैले भिमको दाई गणेशलाई तिम्रो भाईलाई घर लग भनी खवर गरि हिडे ।

**पुरनसिंह दयाल** (अध्यक्ष, आरडिएन नेपाल) **बैतडी८**
हामीलाई जानकारी भए अनुसार दलितहरुको पानीको मुहान काटिएको रहेछ । गैर दलित वस्तीमा रहेको धारामा पानी भर्न गएकी दलित महिलालाई छुवाछूत र कुटपिट गरेको छ । हाम्रो कार्य व्यस्तताले गर्दा

सम्बन्धित ठाउमा जान सकिएको छैन । यसको सत्यतथ्य अध्ययन हुनुपर्दछ । संविधान तथा संसदको घोषणाले उन्मुलन गरिसकेको छुवाछूतको व्यवहारलाई व्यवहारिक बनाईनु पर्दछ । यसका दोषीहरुलाई कारवाही गर्नु पर्दछ ।

**रमेश कोली (दलित कार्यकर्ता) गोठलापानी, बैतडीः**
सबै कुराको केन्द्र राजनीति नै हुदो रहेछ । अहिले कोटिलामा घटेको घटना पनि यसैसाग सम्बन्धित छ । दलितहरुलाई छुवाछूत भएको छ । त्यसको विरुद्धमा उनीहरुले आवाज उठाउदा कुनै पक्षबाट पनि वास्ता गरिएको छैन । छुवाछूत सम्बन्धि घटनालाई प्रहरी प्रशासनले आफै अनुसन्धान गरि कारवाही गर्नुको सट्टा मौन रहनु विडम्बना हो ।

**संचारकर्मीहरुको भनाई**

**राजेन्द्र नाथ (पत्रकार, बैतडी संदेश-कार्यकारी निर्देशक/कान्तिपुर संवाददाता) :ः**
दलित बस्तिबाट मनिषा नेपाली जोशी गााउमा रहेको पधेरोमा पानी भर्न जादा पधेरामा घटना भएको रहेछ । पधेरोमा पुग्दा मनिषाले पहिला पानी भर्छु भने पछि एक जना जोशी थर की महिलालले पनि म अगाडी भर्छु भने पछि उनीहरु विच हातपात पनि भएको रहेछ । त्यो घटना भएको अर्को दिन २७ गते अम्मर पार्की जो दलित मुक्ति मोर्चासंग आवद्ध हुनु हुन्छ उहा त्यो घटना मिलाउन जादा उहामाथि हातपात भए छ । त्यस पछि दलित मुक्ति मोर्चाका कार्यकर्ता जम्मा भइ जोशी वस्ती घेरेछन् । घटनाको छलफल गर्ने क्रममा सांसद नरेन्द्र बमलाई पनि अपमान गरेकोछ । दिपक बमलाई भ्रष्टाचार गरेको आरोपमा कालो मोसो दलेको भनेका छन् । लक्ष्मण विष्ट गाविस सचिवलाई कुटपिट गरिएको, छुवाछूत गरेका ५ जनालाई नियन्त्रमा लिई भोली पल्ट छोडिएको जानकारी भएको छ । साथै छानविन समिति गठन भएको छ ।

**नरेन्द्र भट्ट (पत्रकार, बैतडी संदेश-सम्पादक/राजधानी संवाददाता)ः**
घटना स्थलबाट प्राप्त फोन खबरका आधारमा समाचार छापेका छौ । किनकी हामी आफै घटना स्थल नजादा सम्म त्यहीबाट प्राप्त खबरका आधारमा समाचार छाप्ने गरिन्छ । यसरी समाचार छाप्दा कहिलेकाही खबर पठाउने व्यक्तिले पुर्वाग्रही भएर पक्षपाति जानकारी पनि दिन सक्छ । हामीलाई यस सम्बन्धि यथार्थ जानकारी छैन ।

**विरबहादुर गडाल (स्थानीय पत्रकार, बैतडी संदेश संवाददाता):ः**
दलित वस्ती माथि र गैर दलित वस्ती तल रहेको छ । धाराहरु दलित र गैर दलितका छुट्टा छुट्टै छन् । ती धाराहरु गाविसले बनाई दिएको हो । मनिषा, मनिषाको भाउजु पानी भर्न तल गैर दलितको धारामा आएका थिए उनीहरु धारोमा आउदा एक जना गैर दलित महिलाले पानी भरिरहेकी थिईन । दलितहरुले पनि पानी भर्न खोज्दा विवाद भई घटना घटेको रहेछ । सुनिए अनुसार एक जना महेश लुहारलाई भिम जोशीले कुटेको थियो । पानी भर्न नदिएको कारणले अर्को दिन दलितहरुले जोशी महिलाको खरवारी काटिदिएका थिए । एक जना दलित (अमर लुहार) लाई कुटपिटगर्ने व्यक्तिहरुले हामी तरुण दल र नेवि संघका कार्यकर्ता हौ भनेका हुनाले नरेन्द्र बम मुछिएका हुन । अहिले गााउमा नै छानविन समिति बनेर छानविन भईरहेको छ ।

**स्थानिय प्रहरी प्रशासनको भनाई**

**हरिकृष्ण खतिवडा (प्रमुख जिल्ला अधिकारी) बैतडीः**
अहिलेसम्म हामीहरुले जानकारी पाएका श्रोतहरु भनेका पत्रपत्रिका नै हुन र हामी त्यो ठाउमा पुगेका छैनौ । तर हाम्रा प्रहरीहरु त्यहा छन् । पिडित र पिडक कुनै पनि पक्ष यहा आएका छैनन् । खबर अनुसार सार्वजनिक धारामा पानी नआए पछि मनिषा पानी थाप्नको लागि जोशीको घरमुनीको सार्वजनिक धारामा पुगिन र धारोमा जोशी थरकी महिलाले थापिरहेको गाग्रोमा आफ्नो गाग्रो ठोक्काईन रे । ठोक्काएको निहुमा झगडा र हातपात भएको कुरा सुनिएको छ । छुवाछुत सम्वन्धि पछि के के भयो केही थाहा छैन । मनिषा माओवादी कार्यकर्ता हुनाले दलित मुक्तिमोर्चाले सार्वजनिक सुनाई गराईएको रहेछ र त्यो सुनाईमा नेरेन्द्र वम पनि पुग्न भएको थियो । यस सुनाईमा दिपक वम र गाविस सचिव लक्ष्मण वहादुर विष्टलाई अपमान र कुटपीट भएको

भन्ने जानकारी छ । साासद वमसंग मैले वुझ्न खोज्दा घटना भएको र यस सम्वन्धि माथिल्लो निकायमा नै कुरो राख्ने जानकारी गर्नु भयो । गाविस सचिवले आफ्नो सुरक्षाका लागि निवेदन दिएका छन् ।

**डिल्लीराज विष्ट (प्रहरी नायक उपरिक्षक), बैतडी८**
उजुरीको हकमा भन्दा पुरघाट प्रहरी चौकीमा अम्मर पार्कीद्वारा जोशीहरुले आफ्नो केहि रकम लुटपाट गरेको र कुटपिट गरेको भन्ने र गणेश जोशीले आफ्नो खरबारी दलितहरुले दामसाही गरि काटेर लगेको भन्ने सन्दर्भमा न्याय प्राप्तका लागि हाम्रो चौकीमा उजुरी दिएको जनाएको छ । दलितलाई जातीय छुवाछूत गरेको भन्ने कुनै पनि उजुरी प्राप्त भएको छैन । यदि यस्तो छ भने जानकारी लिनका लागि पुरघाट प्रहरी चौकीलाई निर्देशन दिएको छ । त्यस ठाउमा घटना सम्बन्धमा गाविस सचिवलाई कुटपिट गरेको र दिपक बमलाई कालो मोसो दलेको जानकारी प्राप्त भएको छ ।

**यज्ञराज भारती (प्रहरी सहायक निरिक्षक, प्रहरी चौकी पुरघाट):**
दलित माथि छुवाछूत गऱ्यो भनेर कुनै पनि आधिकारीक रुपमा जानकारी आएको छैन् । तर सोही गााउको भिम जोशीले २७ गते साांझ निवेदन लिएर आएका थिए त्यो पनि खरबारीको बारेमा भएको भगडाको हो । र ३० गते अमर पार्कीले कुटपिट , जातिय विभेद गरेको भन्ने निवेदन दिएका छन् तर उनले निवेदन दिदा तपाईहरुले मिलाउन सक्ने घटना होईन यो जिल्लामा पठाउनुहोस् भनेर भने पछि मैले यो निवेदन जिल्ला पठाएको छु । त्यो निवेदनको प्रतिलिपी मात्र मैले राखेको छु । अमर पार्कीले हामीले छानविन समिति बनाएका छौं । छानविन हामी गर्छौं भनेर भन्नु भएको थियो । भिम जोशीले दिएको निवेदनमा २०/२५ घरका दलित बस्तीले खरबारी काटेको कुरा उल्लेख छ । हामीले त्यसमा केहि न केहि रहस्य रहेको कुरा ठान्यौ । तर सुरक्षा निकाय त्यहा पठाउन सकेनौ किन कि हामीसग सुरक्षा कमि भएको असमर्थ भयौ ।

**राजनितिकर्मी हरुको भनाई**

**गौरीशंकर भट्ट (अध्यक्ष, अनेरास्ववियु) बैतडी ८**
हामीलाई जानकारी भए अनुसार यो घटना छुवाछूतकै कारणले सृजना भएको हो । पछि घटनाले अर्कै रुप लिएको छ । छुवाछूतका दोषीलाई कारवाही गर्न प्रशासन मौन रहेको देखिन्छ । दलितलाई अन्याय भएको छ । यसैले पिडितलाइ न्याय उचित  क्षतिपूर्ति दिनु पर्दछ र दोषी लाई कारवाही गरिनु पर्दछ ।

**कर्णसिंह साउद (कार्यालय सचिव, नेपाली काग्रेस) बैतडी ८**

हामीलाई जानकारी भए अनुसार एक जना दलित महिला र जोशी थरकी महिला विच एउटा पधेरोमा भनाभन र कुटपिट भएको थियो । पछि नेकपा माओवादीका कार्यकताहरुले यसलाई राजनैतिक रुप दिई अगाडी बढाई रहेका छन् । सांसद नरेन्द्र बमलाई एउटा कार्यक्रममा बोलाई अपमान समेत गरेका छन् । र ५ घण्टा नियन्त्रणमा राखेका छन् । छुवाछूतका पिडितलाई कुट्नमा सांसद बमको कुनै हात छैन । यदि छुवाछूत गरिएको हो भने पिडितहरुले प्रहरीमा जानकारी दिनु पर्दथ्यो । यो माओवादीको नियोजित घटना हो ।

**देविदत्त पाण्डे (प्रतिक) (इन्चार्ज, नेकपा माओवादी) बैतडी८**
घटना घटेको कोटिला गाविसको वाड नं. १ को भवानेमा हो । त्यहा जोशी र दलितहरु बसोबास गर्दछन् । दलित वस्तीमा आईरहेको पानीको पाईप काटिएको रहेछ । आफ्नो धारामा पानी नभए पछि मनिषा नजिकैको जोशीहरुले खाने गरेको सार्वजनिक  धारामा पानी लिन गएकी रहेछिन् । त्यस पछि धारामा पानी भर्न लागेको देखेर जोशी थरकी महिलाले दलित महिलालाई गाली बेईज्जती कुटपिट गरेको रहेछ । यसैले उनीहरु बिच झगडा शुरु भएछ । झगडा हुदा मध्यस्थ गर्न आइ पुगेका महेश लुहारलाई पनि कुटपिट गरेछन् । यस पछि स्थानिय जनताहरुले जोशीहरुको वस्ती घेरेछन् । यसरी घटना अघि बढि रहदा छलफलको कुरामा विभिन्न पक्षहरुको उपस्थितिमा मिलाउने कोशिस गरेको रहेछ । यसै शिलशिलामा स्थानीय जनताहरुले सांसदकोषको

रकम हिनामिना गरेको भनि सांसद नरेन्द्र बम र गाविसको रकम भ्रष्टचार गरेको भनि हाट गाविस सचिव लक्ष्मणबहादुर विष्टलाई तथा पुर्व गाविस अध्यक्ष दिपक बमलाई नियन्त्रण लिएका रहेछन् । यो घटना सांसद नरेन्द्र बमको प्रत्यक्ष निर्देशनमा भएको हो । त्यसैले यस घटनामा नरेन्द्र वमको पनि हात छ । तर हाम्रो पार्टी दलितलाई अधिकार दिलाउनको लागि शसक्त अभियान चलाउने छ । यो हाम्रो आधार इलाका पनि भएकोले हामी छुवाछूतको विरुद्धमा शसक्त रुपमा उत्रने छौ । यही शिलशिलामा घटना अघि वढिरहेको छ ।

**लक्ष्मणबहादुर विष्ट, गाविस सचिव हाट, बैतडी**
संघर्ष समितिका अध्यक्ष बसन्तराज जोशीको नामले मलाई पनि कार्यक्रममा उपस्थिति हुन भनि पत्र पठाएको थियो । कार्यक्रममा मलाई पनि आसनग्रहण गराईयो । यो कार्यक्रम दलितलाई छुवाछूत गरिएको भनि त्यसको विरोध स्वरुप आयोजना गरिएको थियो । छुवाछूतको घटना सम्बन्धि मलाई केहि थाहा थिएन । वक्ताहरुले बोलिरहेको बेलामा दलितलाई छुवाछूत गरिएकोले कारवाही हुनु पर्छ भन्ने आवाज आईरहेका थिए । मलाई पनि उक्त विषयमा बोल्न लाग्दा मलाई कुट्न शुरु गरियो । मलाई किन कुटियो थाहा छैन । मैले आफ्नो सुरक्षाको लागि प्रशासनमा उजुरी दिएको छु ।

**अनुसुचि २**
**घटना सम्वन्धी फोटो**

**अनुसुचि ३**
**घटना सम्वन्धीसमाचार**

**अनुसुचि ४**
**घटना सम्वन्धी प्रेश विज्ञप्ती**